मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ५२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ फागुन २५ गते सोमबार ❑ 9 Mar. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## प्रधानमन्त्रीसमक्ष छानबिन आयोगको प्रतिवेदन पेस

### जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन हुनेः प्रधानमन्त्री

**रासस**
काठमाडौं, २४ फागुन

प्रधानमन्त्री सुशीला कार्कीसमक्ष भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोगले एक हजार पृष्ठको प्रतिवेदन प्रस्तुत गरेको छ।

पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा गठित आयोगमा नेपाल प्रहरीका पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक विज्ञानराज शर्मा र कानुनविद् विश्वेश्वरप्रसाद भण्डारी सदस्य हुनुहुन्थ्यो।



प्रधानमन्त्रीसमक्ष प्रतिवेदन पेस गरेपछि आयोगका सदस्य शर्माले करिब २०० जनालाई सोधपुछ गरिएको र विज्ञहरुसँग पनि राय लिएर तयार गरिएको प्रतिवेदनमा दोषीमाथि कारबाहीको सिफारिस गरिएको जानकारी दिनुभयो। आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले आफूहरूले इमानदारीसाथ काम गरेको र बिनाकुनै पूर्वाग्रह जे देख्यो त्यही कुरा प्रतिवेदनमा राखेको जानकारी दिनुभयो । भविष्यमा यस्तो घटना नहोस् भनेर सुझाव पनि प्रतिवेदनमा राखेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "कुशासनका कारण यो घटना भएको छ । नियमनकारी निकायहरूलाई विकृत पारिएको छ । न्यायपालिका, कार्यपालिका सबैतिर ढिलासुस्ती छ। न्यायाधीशदेखि संवैधानिक नियुक्तिसमेत दलीय भागबण्डामा गर्ने प्रवृत्तिले आक्रोश बढेको पाइएको छ। यो प्रतिवेदन कार्यान्वयन भएमा देशको मुहार फेरिन्छ।"

आयोगका सदस्य विज्ञानराज शर्माले यो प्रतिवेदन जाँचबुझ मात्र भएकाले अब कारबाही गर्ने निकायले अनुसन्धान गर्नुपर्ने र यसमा अनुसन्धानका लागि आधार तयार गरिदिएको बताउनुभयो।

अर्का सदस्य विश्वेश्वर भण्डारीले सुशासनका लागि के गर्ने भन्ने विषयमा प्रतिवेदनले उल्लेख गरेका कुरा कार्यान्वयन गर्न सके मुलुकको अवस्था धेरै फेरिन सक्ने बताउनुभयो।

यसै गरी प्रधानमन्त्री सुशीला कार्कीले भदौ २३ र २४ को घटना जाँचबुझ आयोगबाट प्राप्त प्रतिवेदन कार्यान्वयनको प्रक्रियामा लगिने बताउनुभएको छ। उक्त आयोगको प्रतिवेदन ग्रहण गरेपछि उहाँले त्यसलाई अब आफू र गृहमन्त्रीले अध्ययन गरी मन्त्रिपरिषद्मा पेस गर्ने बताउनुभयो। प्रधानमन्त्रीले प्रतिवेदन अध्ययन गरी कार्यान्वयको प्रक्रिया अघि बढाउने र त्यसलाई आवश्यकतानुसार सार्वजनिक पनि गर्ने बताउनुभयो । प्रधानमन्त्री कार्कीले भन्नुभयो, "सार्वजनिक गर्ने कुरामा पनि हामी छलफल गर्छौं यसको विवरण हेरेर पूरै दस्तावेज तत्कालै सार्वजनिक गर्न नसके निचोड मात्र भए पनि सार्वजनिक गर्छौं ।" उहाँले प्रतिवेदनमा यथार्थ वस्तुस्थिति र सत्यतथ्य समावेश भएको विश्वास पनि व्यक्त गर्नुभयो। साथै प्रधानमन्त्री कार्कीले आयोगका अध्यक्ष एवं सदस्यहरूले गर्नुभएको मेहनतको सराहना गर्नुभएको छ।

## कास्कीमा समानुपातिक तर्फ पनि रास्वपाको स्पष्ट बहुमत

**पोखरापत्र संवाददाता**
पोखरा, २४ फागुन



फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन-२०८२ अन्तर्गत समानुपातिक तर्फको मत परिणाममा पनि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) स्पष्ट बहुमत ल्याउन सफल भएको छ । जिल्लाका तीनवटै निर्वाचन क्षेत्रमा खसेको मत परिणामअनुसार रास्वपाले ५९ प्रतिशत मत प्राप्त गर्दै पहिलो स्थान हासिल गरेको छ।

निर्वाचन कार्यालयका अनुसार कास्कीका तीन निर्वाचन क्षेत्रमा समानुपातिक तर्फ कुल १ लाख ९१ हजार ४२५ मत खसेको थियो। तीमध्ये रास्वपाले १ लाख १३ हजार ६ सय २८ मत (५९.३४ प्रतिशत) प्राप्त गरेको प्रदेश निर्वाचन कार्यालय पोखराका सूचना अधिकारी रुद्रनाथ न्यौपानले जनाउनु भयो। समानुपातिक मततर्फ काँगेंसले २८ हजार ६ सय ५६ मत (१४.९४ प्रतिशत) सहित दोस्रो स्थानमा रहेको छ भने नेकपा (एमाले) ले २४ हजार १ सय ९९ मत (१२.६४ प्रतिशत) प्राप्त गर्दै तेस्रो स्थानमा रहेको छ । त्यसैगरी राप्रपाले ६ हजार ४ सय ६६ मत (३.३८ प्रतिशत) प्राप्त गरी चौथो स्थानमा रहेको छ भने नेकपाले ५ हजार ७ सय ६३ मत (३.०१ प्रतिशत) प्राप्त गर्दै पाँचौं स्थानमा पुगेको छ। यसैगरी श्रम संस्कृति पार्टीले ३ हजार ५ सय ६४ मत (१.८६ प्रतिशत) प्राप्त गरेको प्रदेश निर्वाचन कार्यालय पोखराका सूचना अधिकारी न्यौपानेले जनाउनु भयो । कास्कीका तीन निर्वाचन क्षेत्रमा समानुपातिक तर्फ ५७ वटा राजनीतिक दलले बन्दसूची पेश गरेका थिए। तीमध्ये सबैभन्दा कम मितेरी पार्टी नेपालले प्राप्त गरेको छ, जसले जम्मा ३ मत पाएको छ। निर्वाचन कार्यालयका अनुसार समानुपातिकतर्फ ४ हजार ६ सय ९८ मत (२.४५ प्रतिशत) बदर भएको छ । जिल्लामा कुल ३ लाख ९ हजार ५ सय ६३ मतदाता रहेका थिए। समानुपातिकतर्फ कास्कीमा २ मतदान केन्द्र कास्की कारागार र जिल्ल समन्वय समितिमा अस्थायी मतदान केन्द्र स्थापना गरिएको थियो । कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रदेवि शर्माले लोकतान्त्रिक अभ्यासको महत्वपूर्ण पर्वका रूपमा रहेको निर्वाचन कास्कीमा शान्तिपूर्ण र सफल रूपमा सम्पन्न भएकोमा सारोकारवालाहरुलाई धन्यावद ज्ञापन गर्नु भएको छ। राजनीतिक दल, प्रशासन र सुरक्षा निकायबीचको समन्वयका कारण निर्वाचन सफल भएको उहाँको भनाई छ । कास्कीका मुख्य निर्वाचन अधिकृत हिमलाल बेल्बासेका अनुसार प्रत्यक्षतर्फ ३.९० प्रतिशत र समानुपातिकतर्फ २.४९ प्रतिशत मत बदर भएको छ । यसले मतदाता शिक्षामा अझै सुधार आवश्यक रहेको उहाँले बताउनु भयो । प्रत्यक्षतर्फ १ लाख ८८ हजार ७६ मत खसेको थियो। कुल मतदाता संख्या ३ लाख ८ हजार ५ सय ७२ रहेकोमा १ लाख ८० हजार ७ सय ३४ मत सदर भएको निर्वाचन कार्यालयले जनाएको छ । प्रतिनिधिसभा सदस्यतर्फ कास्कीका तीनवटै निर्वाचन क्षेत्रमा उम्मेदवार विजयी भइसकेका छन्। गनेस पौडल कास्की-१, उत्तम पौडेल कास्की-२ र बिना गुरुङ कास्की-३ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनु भएको हो।

## महिला सशक्त भएमा राष्ट्र नै समृद्धिका मार्गमा अगाडि बढ्छ : राष्ट्रपति

**रासस**
काठमाडौं, २४ फागुन

राष्ट्रपति रामचन्द्र पौडेलले महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा, विभेद र उत्पीडनको अन्त्य गर्ने काममा आ-आफ्नो क्षेत्रबाट योगदान गर्न सबैलाई आह्वान गर्नुभएको छ।

एक सय १६औं अन्तरराष्ट्रिय महिला दिवस (आठ मार्च) का अवसरमा आइतबार शुभकामना व्यक्त गर्दै उहाँले परम्पराका नाममा समाजमा रहेका खराब अभ्यास एवं प्रथाको कारण किशोरी तथा बालिकामाथि हुने शारीरिक तथा मानसिक हिंसाका घटना बढ्नेजस्ता प्रथालाई निर्मूल गर्न थप प्रभावकारी एवं सिर्जनात्मक कार्यक्रम आयोजना गर्नुपर्ने आवश्यकता औँल्याउनुभएको छ।

सन्देशमा भनिएको छ, "जनसङ्ख्याको आधा हिस्सा ओगटेका महिला सशक्त भएमा सिङ्गो परिवार, समाज र समग्र राष्ट्र नै समृद्धिको मार्गमा अगाडि बढ्ने हुँदा यसतर्फ विशेष ध्यान पुर्‍याउन जरूरी छ।" संविधानले अवलम्बन गरेको समानुपातिक समावेशी सिद्धान्त, राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक तथा शैक्षिक क्षेत्रमा महिलाको अर्थपूर्ण प्रतिनिधित्व र नेतृत्व स्थापित गर्न कोशेढुङ्गा सावित भएको उल्लेख गर्दै राष्ट्रपति पौडेलले लैङ्गिक समानता र महिला सशक्तीकरणको उद्देश्य पूरा गर्न शिक्षा, स्वास्थ्य, रोजगारी, नीति निर्माण एवं निर्णय प्रक्रिया, राजनीतिजस्ता राज्यका हरेक क्षेत्रमा महिलाहरूको पहुँच समान रूपमा सुनिश्चित हुनुपर्नेमा जोड दिनुभएको छ।

राष्ट्रपति पौडेलले शुभकामना सन्देशमा भन्नुभएको छ, "यस दिवसले हामी सबैलाई महिलाहरूको हक, अधिकार, समानता, सशक्तीकरण तथा सम्मानप्रति पूर्ण संवेदनशील भई कार्य गर्न सबैमा थप ऊर्जा, उत्साह एवं प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु।"

महिला अधिकार तथा लैङ्गिक समानता प्रवर्द्धनको पूर्ण प्राप्तिका लागि हरेक वर्ष आठ मार्चलाई अन्तरराष्ट्रिय महिला दिवसका रूपमा मनाउने गरिएको छ । यस वर्ष संयुक्त राष्ट्रसङ्घबाट तय भएको 'सबै महिला र बालिकाको लागि अधिकार, न्याय र कार्यसहितको अवसर' भन्ने आदर्श वाक्यका साथ यो दिवस मनाइरहेका छौं । विश्वभरि विभिन्न क्षेत्रमा कार्यरत महिलाहरूको आर्थिक, राजनीतिक र सामाजिक उपलब्धि स्मरण गर्दै महिलाहरूको प्रविधिमा पहुँचको विस्तार गर्ने, महिला सशक्तीकरण अभिवृद्धि गर्ने, लैङ्गिक असमानता र हिंसाजन्य क्रियाकलाप निर्मूल गर्ने, महिलालाई शिक्षित र आत्मनिर्भर बनाउने एवं उचित सम्मान गर्नेलगायतका उद्देश्यसहित अन्तरराष्ट्रिय महिला दिवस मनाउँदै आइएको छ।

## गण्डकीमा दुई क्षेत्रको नतिजा आउन बाँकी

**पोखरापत्र संवाददाता**
पोखरा, २४ फागुन

गण्डकी प्रदेशका कुल १८ प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्रमध्ये १६ क्षेत्रको नतिजा सार्वजनिक भइसकेको छ। अब गोरखाका दुई क्षेत्रको परिणाम आउन बाँकी छ। गोरखा-१ र २ मा मतगणना जारी छ।

परिणाम सार्वजनिक भइसकेका १६ निर्वाचन क्षेत्रमध्ये १३ वटामा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार विजयी बनेका छन् भने दुई निर्वाचन क्षेत्रमा नेपाली कांग्रेसका उम्मेदवार जितेका छन्। एउटा क्षेत्रमा स्वतन्त्र उम्मेदवार विजयी बन्नुभएको छ। कास्कीका तीनवटै निर्वाचन क्षेत्रमा रास्वपाका उम्मेदवार विजयी बनेका छन् । कास्की-१ मा ३९ हजार ८३३ मतसहित खड्कराज पौडेल, कास्की-२ मा ३१ हजार ९११ मत ल्याएर उत्तमप्रसाद पौडेल र कास्की-३ मा बिना गुरुङ ३७ हजार ७५० मतसहित विजयी बन्नुभएको हो। बागलुङका दुवै क्षेत्रमा रास्वपाका उम्मेदवार विजयी बनेका छन् । बागलुङ-१ मा सुशील खड्का २० हजार ९२७ र बागलुङ-२ मा सोम शर्मा १२ हजार ६४७ मतसहित विजयी हुनुभएको छ।

जिल्ला निर्वाचन कार्यालयका अनुसार स्याङ्जाका दुवै क्षेत्रमा पनि रास्वपा उम्मेदवार विजयी बनेका छन् । स्याङ्जा-१ मा धनञ्जय रेग्मी र स्याङ्जा-२ मा झविलाल डुम्रे विजयी हुनुभएको छ । रेग्मीले २९ हजार ३१ र डुम्रेले २५ हजार ३३५४ मत प्राप्त गर्नुभयो । तनहुँका दुवै क्षेत्रमा रास्वपाका उम्मेदवारले जितेका छन्। तनहुँ-१ मा स्वर्णीम वाग्ले ३८ हजार ४० मतसहित विजयी हुनुभएको छ। तनहुँ-२ मा श्रीराम न्यौपाने ३२ हजार ६८७ मतसहित विजयी बन्नुभएको छ। यस्तै नवलपुरका दुवै क्षेत्रमा पनि रास्वपाका उम्मेदवार विजयी बनेका छन् । नवलपुर-१ मा राजन गौतम र नवलपुर-२ मा मनिष खनाल विजयी बन्नुभएको छ। गौतमले ५० हजार ९४५ र खनालले ४१ हजार ३४७ मत प्राप्त गर्नुभएको छ । लमजुङमा रास्वपाका उम्मेदवार धर्मराज केसी ३३ हजार ८९८ मतसहित विजयी बन्नुभएको छ। पर्वतमा रास्वपाकै सागर भुसाल २६ हजार ५६१ मतसहित विजयी बन्नुभएको छ।

म्याग्दीमा स्वतन्त्र उम्मेदवार महावीर पुन विजयी बन्नुभएको छ। उहाँले २२ हजार ८५० मत प्राप्त गर्नुभएको छ । मुस्ताङमा नेपाली काँग्रेसका योगेश गौचन थकाली तीन हजार ३०७ मत ल्याएर विजयी बन्नुभएको छ । मनाङमा पनि नेपाली काँग्रेसकै टेकबहादुर गुरुङ विजयी बन्नुभएको छ। उहाँले दुई हजार ४१५ मत ल्याउनुभयो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# कबिन्द्र बुर्लाकोटीको युवा अभियानदेखि संसद्सम्मको यात्रा

**पोखरापत्र संवाददाता**
गोरखा, २४ फागुन

राष्ट्रिय स्वतन्त्र पार्टीका महामन्त्री कबिन्द्र बुर्लाकोटी गोरखा क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्य पदमा निर्वाचित भएका छन्। आइतबार साँझ क्षेत्र नं २ को निर्वाचन कार्यालयले २६ हजार ६६० मत प्राप्त गरेका बुर्लाकोटीलाई प्रतिनिधिसभा सदस्य पदमा निर्वाचित भएको घोषणा गरेको हो।

कुल एक लाख आठ हजार ५३३ मतदाता रहेको गोरखा २ मा ५७ हजार १५६ मत खसेको थियो। जसमध्ये ५४ हजार १४७ (९४.७३ प्रतिशत) मतमात्र सदर र तीन हजार नौ (५.२६ प्रतिशत)मत बदर भएको थियो। विजयी बनेका बुर्लाकोटीले सदर मतको ४९ प्रतिशत मत प्राप्त गर्नुभएको हो। बुर्लाकोटीले प्रतिस्पर्धी नेपाली कांग्रेसबाट उम्मेदवार प्रकाशचन्द्र दवाडीले भन्दा १४ हजार ९६० बढी मत प्राप्त गर्नुभयो। दवाडीले ११ हजार ७०० मत प्राप्त गरेका छन्। त्यस्तै, नेपाली कम्युनिष्ट पार्टीका लेखनाथ न्यौपानेले ११ हजार ७३ मत प्राप्त गर्नुभयो। अर्का प्रतिस्पर्धी



नेकपा (एमाले)का मिलन गुरुङ (चक्रे मिलन)ले तीन हजार ८७ मत मात्र पाउनुभयो।

प्रतिनिधिसभा सदस्य पदमा निर्वाचित बुर्लाकोटी राष्ट्रिय स्वतन्त्र पार्टीको संस्थापक सदस्यमध्येका हुनुहुन्छ। विसं २०७९ असारमा पार्टी स्थापना हुँदा उहाँ केन्द्रीय सदस्य हुनुहुन्थ्यो भने दुई महिनामै सहमहामन्त्री र दुई वर्षमै महामन्त्री बन्न सफल हुनुभयो। अहिले पनि उहाँ रास्वपाका महामन्त्री हुनुहुन्छ। उहाँको जन्म २०३६ साल मङ्सिरमा बुबा राजाराम र आमा डम्मरकुमारी बुर्लाकोटीको सन्तानका रूपमा धादिङको सल्यानटारमा भएको थियो। पाँच वर्षको उमेरमा गोरखाको पालुङ्टार-९ मा बसाइँ सरी आएका अभिभावकले उहाँलाई धर्मोदय माविमा कक्षा १ मा भर्ना गरिदिनुभएको थियो।

गोरखा नगरपालिका-१२ स्थित महेन्द्र मावि कुन्दुरटारबाट एसएलसी पूरा गरेपछि नयाँजीवनको सुरुआत गर्न उहाँ राजधानी काठमाडौँ प्रवेश गर्नुभयो। कमजोर आर्थिक अवस्थाबाट गुज्रिएका उहाँ एसएलसी उत्तीर्ण गरेपछि सरस्वती क्याम्पसमा कमर्स पढ्न सुरु गर्नुभयो। स्नातक तह अध्ययन गर्ने सिलसिलामा भने उहाँ युवा सशक्तिकरणका विभिन्न अभियानको संलग्न हुनुभयो। फाइनान्समा स्नातकोत्तर गर्नुभएका उहाँले अस्ट्रेलियाको न्यू साउथवेल्स युनिभर्सिटीबाट ह्युमनराइट्स एन्ड बिजनेस कोर्स अध्ययन गर्नुभयो।

मलेसियाको आइकम इन्स्टिच्युटबाट उहाँले 'युथ लिडरसिप' कोर्स पूरा गर्नुभयो। त्यसपछि २०५७ सालमा उहाँले भ्रष्टाचार विरोधी गतिविधि गर्ने संस्था युनाइटेड युथ नामक संस्था दर्ता गरी संस्थापक अध्यक्ष पदमा रहेर युवा सशक्तिकरण अभियान सुरु गर्नुभयो। त्यसपछि २०६४ सालमा उहाँकै नेतृत्वमा देशभरका युवाको संस्थाहरूको सञ्जाल 'नेपालयुवा संस्था सञ्जाल' गठन भएको थियो।

त्यसलगत्तै उहाँले २०६९ सालतिर फेरी अर्को युवाहरूको छाता संस्था 'राष्ट्रिय युवा महासङ्घ' दर्ता गर्नुभएको थियो। यसमा देशभरकै युवा संस्थाहरू आबद्ध थिए। "यो महासङ्घमा आबद्ध रहेका धेरै युवा अहिले मसँगै सांसद भएका छन्", उहाँ भन्नुहुन्छ, "यही बीचमा संयुक्त राष्ट्र सङ्घको नेपाल च्याप्टरको युथ एड्भाइजर भएर सन् २००८ देखि २०१२ सम्म काम गरेँ। एउटा बेसाएर खाने गरिब परिवेशमा गुज्रिएको म पछि युवा गतिविधिमा सरिक भएँ। तीस वटा देश घुम्ने मौका पाएँ।"

पार्टीका लागि जीउज्यान दिएको प्रतिफल अहिले देश घण्टीमय भएको उहाँको बुझाइ छ। अहिले देशभरका नागरिकको रोजाइमा राष्ट्रिय स्वतन्त्र पार्टी पर्नाका पछाडि आफूहरूको इमान्दारिता, क्षमता, दक्षता भएको उहाँको भनाइ छ। "नयाँ पार्टी त जति पनि थिए तर हामीमै किन यति धेरै विश्वास र भरोसा भयो भने हामीमा काम गर्न सक्ने क्षमता छ भनेर सबैले बुझेका छन्", उहाँ भन्नुहुन्छ, "अब यो विश्वास र भरोसालाई सदा सर्वदाका लागि टिकाइराख्नु हाम्रो चुनौती हो।"

# सामाजिक क्षेत्रबाट संसदको यात्रामा बिना गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, २४ फागुन

सामाजिक क्षेत्र, महिला सशक्तीकरण र शिक्षा क्षेत्रमा लामो समयदेखि सक्रिय बिना गुरुङले पहिलोपटक सङ्घीय संसद्मा प्रवेश गर्नुभएको छ। उहाँ प्रतिनिधिसभा सदस्यका लागि कास्की निर्वाचन क्षेत्र नं ३ मा प्रतिस्पर्धीलाई फराकिलो मतान्तरले जित हासिल गर्न सफल हुनुभयो।

प्रतिनिधिसभा सदस्यको निर्वाचनमा गुरुङ ३७ हजार ७५० मतसहित विजयी बन्नुभएको छ भने उहाँका निकटतम प्रतिस्पर्धी कांग्रेसका मनोज गुरुङले १२ हजार ७८० मत पाउनुभयो। नेकपा (एमाले) का दामोदर बैरागीले सात हजार ९०६ मत पाउनुभयो। बैरागी यसअघि यसै निर्वाचन क्षेत्रबाट निर्वाचित हुनुभएको हो। सञ्जिवनी दिदीबहिनी केन्द्र नेपालको संस्थापकअध्यक्षसमेतरहनुभएकी



गुरुङ महिला दिदीबहिनीहरूको प्रेरणा स्रोत बन्दै आउनुभएको छ। महिला उद्यमशीलता प्रवर्द्धन, स्थानीय उत्पादनको बजारीकरण तथा समुदायमा सामाजिक अभियान सञ्चालनमा सक्रिय रहँदै राजनीतिक यात्रामा जोडिनुभएको थियो। श्रीमान्, एक छोरा एक छोरीका साथ पोखरा-५ मा बस्दै आउनुभएकी गुरुङ २०७२ सालको भूकम्प र कोभिड-१९ महामारीका बेला विभिन्न क्षेत्रमा राहत तथा स्वास्थ्य सामग्री वितरणमा सक्रिय रहनुभएको थियो। विजयपछि कास्की-३ को समग्र विकास, सुशासन र जनताको अपेक्षाअनुसार काम गर्ने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो। पर्यटन प्रवर्द्धन, महिला उद्यमशीलता, सहकारीपीडितको समस्या समाधान तथा पूर्वाधार विकासलाई प्राथमिकतामा राखेर काम गर्ने सांसद गुरुङले बताउनुभयो। उहाँले भन्नुभयो, "म सामाजिक क्षेत्र र उद्यमशीलताको यात्राबाट राजनीतिमा आएकी छु, अब राजनीतिको यो नयाँ यात्रालाई पनि आफ्नो इमान्दारिता जनभावनाअनुरुप काम गर्नेछु।" सांसद गुरुङले जेनजी आन्दोलनको मर्मसहित जनताको यो विश्वास र जनमतलाई नतिजामा उतार्नका लागि नीतिगत तहमा आफ्नो भूमिका सशक्त गराउँदै लैजाने बताउनुभयो।

# स्याङ्जा-२ मा रास्वपाका डुम्रे निर्वाचित

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २४ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचनमा स्याङ्जा क्षेत्र नं २ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का झविलाल डुम्रे निर्वाचित हुनुभएको छ। केहीबेरअघि सम्पन्न मतगणनाबाट रास्वपाका डुम्रेले २५ हजार ३५४ मत ल्याएर निर्वाचित हुनुभएको निर्वाचन अधिकृत ऋषि पौडेलले जानकारी दिनुभयो।

उक्त क्षेत्रमा नेपाली कांग्रेस भागवतप्रकाश मल्लले २० हजार ८३० मत प्राप्त गर्नुभयो। साथै नेकपा (एमाले) का खिमबहादुर थापाले १४ हजार १०८ मत ल्याउनुभएको हो। कूल एक लाख १७ हजार ९३० मतदाता रहेकामा ६४ हजार ९२८ मत खसेको थियो।

# पुराना दलका पदाधिकारी को-को भए पराजित !

**रासस**
काठमाडौं, २४ फागुन

प्रतिनिधिसभा सदस्यको यही फागुन २१ गते सम्पन्न निर्वाचनको परिणाम आउने क्रम अन्तिम चरणमा छ।

यस निर्वाचनमा प्रत्यक्षतर्फ १६५ निर्वाचन क्षेत्र र समानुपातिकतर्फ ११० सिटका लागि मतदान भएको थियो। गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनपश्चात् गठित सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले तत्कालीन प्रतिनिधिसभा विघटन गरेसँगै यो निर्वाचन गरिएको हो।

यस निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को पक्षमा मुलुकभर जनलहर देखिएको छ। रास्वपा काठमाडौँ महानगरपालिकाका तत्कालीन प्रमुख बालेन्द्र शाह (बालेन)लाई पार्टीको वरिष्ठ नेता र प्रधानमन्त्रीको उम्मेदवार बनाई निर्वाचनमा होमिएको थियो।

त्यस्तै, संसदीय अभ्यासमा अनुभवी नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिष्ट पार्टी (नेकपा), राष्ट्रिय प्रजातन्त्र पार्टीलगायत दल र अधिकांश शीर्ष नेता भने यस निर्वाचनमा पराजित भएका छन्। निर्वाचन आयोगको पछिल्लो गणनाअनुसार रास्वपाको पक्षमा प्रत्यक्ष र समानुपातिकमा झन्डै दुई तिहाइ मत प्रकट भएको देखिन्छ। यो समाचार तयार पार्दासम्म प्रत्यक्षतर्फका १६५ निर्वाचन क्षेत्रमध्ये रास्वपाले ११९ क्षेत्रमा जित हासिल गरिसकेको छ। त्यस्तै, समानुपातिकतर्फ रास्वपाले २२ लाख ३९ हजार ८७० मत प्राप्त गरेको छ।

यसैगरी, हालसम्म प्रत्यक्षतर्फ कांग्रेसले १७, एमालेले सात, नेकपाले सात र श्रम संस्कृति पार्टी तीन र राप्रपाले एक स्थानमा जित हासिल गरेका छन्।

शीर्ष नेताहरू को को पराजित भए !

लामो संसदीय अभ्यास रहेको र अघिल्लो प्रतिनिधिसभा सदस्यमा सबैभन्दा ठूलो दल कांग्रेस यस निर्वाचनमा निकै पछि परेको छ। कांग्रेसका सभापति गगनकुमार थापा, महामन्त्रीद्वय प्रदीप पौडेल र गुरुराज घिमिरे, सहमहमन्त्रीहरू फरमुल्लाह मन्सुर, उदयशम्शेर राणा, प्रकाश रसाइली स्नेही पराजित हुनुभएको छ। त्यस्तै, वरिष्ठ नेताहरू डा शेखर कोइराला, विमलेन्द्र निधि, विजयकुमार गच्छदार, एनपी साउँद, महालक्ष्मी उपाध्याय 'डिना'लगायत नेताहरू पनि पराजित हुनुभएको छ।

त्यसैगरी, एमालेका अध्यक्ष केपी शर्मा ओली, उपाध्यक्षहरू गोकर्ण विष्ट, पृथ्वीसुब्बा गुरुङ, विष्णुप्रसाद पौडेल, महासचिव शङ्कर पोखरेल, उपमहासचिवहरू रघुवीर महासेठ, लेखराज भट्ट, सचिवहरू भानुभक्त ढकाल, शेरधन राई, महेश बस्नेत र डा राजन भट्टराई पराजित हुनुभएको छ। त्यस्तै, वरिष्ठ नेताहरू ईश्वर पोखरेल, देवराज घिमिरे, प्रदीपकुमार ज्ञवालीलगायत पनि पराजित हुनुभएको छ।

नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल विजयी हुनुभयो। उहाँको दलका सहसंयोजक माधवकुमार नेपाल, वरिष्ठ नेताहरू नारायणकाजी श्रेष्ठ, भीम रावल, महिन्द्रराय यादव, राजेन्द्रप्रसाद पाण्डे, शक्ति बस्नेतलगायत नेताहरू पनि पराजित हुनुभएको छ।

त्यस्तै, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन, वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, वरिष्ठ नेता कमल थापालगायत पराजित हुनुभएको छ। विसं २०४८ देखि निरन्तर आफ्नो वर्चस्व कायम गर्दै आएको पार्टी नेपाल मजदुर किसान पार्टी पनि यस निर्वाचनमा संसदीय यात्राबाट बाहिरिने भएको छ। सो पार्टीका नेता प्रेम सुवाललगायत कुनै पनि उम्मेदवारले निर्वाचनमा सफलता हासिल गर्न सकेनन्।

विसं २०६४ को मधेस आन्दोलनपछि उदाएका मधेसवादी दल र तिनका शीर्ष नेताहरू पनि यस निर्वाचनमा पराजित भएका छन्। जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव, राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतो, जनमत पार्टीका अध्यक्ष सिके राउत, आम जनता पार्टीका अध्यक्ष प्रभु साहलगायत शीर्ष नेताहरू पनि यस निर्वाचनमा पराजित हुनुभएको छ।

# महिला र बालबालिकासम्बन्धी कानुन प्रभावकारी कार्यान्वयन गर्न आग्रह

**रासस**
काठमाडौँ, २४ फागुन

राष्ट्रिय मानव अधिकार आयोगले महिला र बालिकाको हक, अधिकारका सम्बन्धमा नेपालको संविधान, राष्ट्रिय र अन्तरराष्ट्रिय कानुनी व्यवस्था प्रभावकारी कार्यान्वयन गर्न आग्रह गरेको छ।

आयोगले महिला र बालबालिकासम्बन्धी प्रभावकारी कार्यान्वयन गर्न, समानता, सशक्तिकरण तथा सम्मानप्रति संवेदनशील भई महिला र बालिकाहरूलाई हिंसा, शोषण र भेदभावबाट संरक्षण गर्न आग्रह गरेको हो।

आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले समान न्यायका लागि विद्यमान संरचनात्मक अवरोधहरू हटाउन, समाजका हानिकारक अभ्यासहरू र नकारात्मक सामाजिक मान्यतालाई निर्मूल गर्न सरकारलाई आयोगले आग्रह गरेको बताउनुभयो।

"संवैधानिक, राष्ट्रिय तथा अन्तरराष्ट्रिय कानुनी व्यवस्थाले महिलाको अधिकार सुनिश्चित गरिए तापनि परम्परागत हानिकारक प्रचलनका कारण किशोरी तथा बालिकामाथि हुने शारीरिक तथा मानसिक हिंसाका घटना बढिरहेको छ", ११६औँ अन्तरराष्ट्रिय महिला दिवस (८ मार्च) का अवसरमा आज प्रेस विज्ञप्ति जारी गरी भनिएको छ, "घरेलु हिंसा, मानव बेचबिखन, बालविवाह, डिजिटल हिंसा, यौनहिंसा, बलात्कार, सामाजिक विभेद, आर्थिक असमानता, राजनीतिमा न्यून सहभागिता, दण्डहीनता र न्यायमा पहुँच हुन नसक्दा महिला र बालिकाको मानव अधिकार उपभोगमा चुनौती देखिएको छ।"

आयोगले महिला तथा बालिकाको मानव अधिकार उल्लङ्घनका घटनामा निरन्तर अनुसन्धान र अनुगमन गरी नेपाल सरकारलाई सिफारिस गर्दै आइरहेको छ। आयोगले बालविवाहले मानव अधिकार उपभोगमा पारेको प्रभाव सम्बन्धमा राष्ट्रिय जाँचबुझ कार्यक्रम गर्नाका साथै एकल महिलाको अधिकार सम्बन्धमा भएका कानुनी व्यवस्था र कार्यान्वयन पक्षको अनुगमन गरी प्रतिवेदन तयार गरिरहेको छ। आयोगको लैङ्गिक परीक्षण, अन्तरराष्ट्रिय लैङ्गिक सम्मेलन आयोजना, जबर्जस्ती करणी, छाउपडीलगायत विषयमा अनुगमन गरी प्रतिवेदन सार्वजनिक गरेको छ। महिला तथा बालिकाको मानव अधिकार उपभोगमा बाधा पुऱ्याउने नीतिनियम तथा कानुनहरूको सुधार सम्बन्धमा नेपाल सरकारलाई ध्यानाकर्षण गराउँदै आएको छ।

हरेक वर्ष मनाइँदै आएको अन्तरराष्ट्रिय महिला दिवस (मार्च ८) यसवर्ष 'सबै महिला र बालिकाका लागि अधिकार, न्याय र कार्यसहितको अवसर' भन्ने नारासहित विश्वभर मनाइएको छ।

# महिलाको अर्थपूर्ण र गुणस्तरीय सहभागिता सुनिश्चित गर्न आवश्यक छ: प्रधानमन्त्री

**रासस**
काठमाडौं, २४ फागुन

प्रधानमन्त्री सुशीला कार्कीले लैङ्गिक समानता, लोकतान्त्रिक मूल्य र सामाजिक न्यायको संस्कृतिलाई अझ सुदृढ बनाउन हातेमालो गर्न आह्वान गर्नुभएको छ।

अन्तरराष्ट्रिय महिला दिवसको अवसरमा आज शुभकामना व्यक्त गर्दै उहाँले अझै पनि धेरै महिला गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य सेवा, सम्मानजनक रोजगारी र नेतृत्व तहमा सार्थक सहभागिताबाट वञ्चित भएको उल्लेख गर्नुभयो। उहाँले भन्नुभएको छ, "उनीहरुलाई अझै विश्वास गरिहाल्ने र ? भन्ने मनोविज्ञान ज्युँ का त्यूँ छ। हिजो चुलाचौकामा बेहोरेको विभेद्को नयाँ स्वरुप आज कार्यस्थलमा छ।" अब हाम्रो लक्ष्य केवल सहभागिता बढाउने मात्र होइन, अर्थपूर्ण र गुणस्तरीय सहभागिता सुनिश्चित गर्नुपर्ने उहाँको भनाइ छ। "अहिले शिक्षाको विस्तार भएको छ, चेतनाको स्तर उठेको छ। त्यसैले महिला अधिकारका लागि अझ दृढताका साथ अगाडि बढिरहेका छन्। हामीले यो पनि बुझ्नुपर्छ कि सबै महिलाको अवस्था समान छैन," सन्देशमा भनिएको छ। उहाँले समाजमा पछि परेको, विकासको मूलधारबाट वञ्चित समुदायका महिला अझै बढी प्रताडित भएको पनि उल्लेख गर्नुभएको छ। उहाँले विशेषगरी दलित महिला, कर्णालीका महिला, मधेसका महिला तथा सीमान्तकृत समुदायका महिलाको आवाज राज्यको नीति निर्माणमा अझ स्पष्ट रूपमा प्रतिविम्बित हुन आवश्यक रहेको बताउनुभएको छ। प्रधानमन्त्री कार्कीले समानता, सशक्तीकरण र सामाजिक न्यायको आधारमा समतामूलक समाज निर्माण गर्नु आजको ऐतिहासिक दायित्व भएको र त्यो दायित्व राज्यको मात्र नभइ राजनीतिक दलहरू, नागरिक समाज, निजी क्षेत्र, सञ्चार जगत, राष्ट्रिय तथा अन्तरराष्ट्रिय विकास साझेदारको साझा जिम्मेवारी भएको उल्लेख गर्नुभएको छ।

उहाँले भन्नुभएको छ, "जब महिलाले सम्मान, सुरक्षा र समान अवसर प्राप्त गर्नेछन्, तब मात्र लोकतन्त्र सुदृढ हुन्छ। तब मात्र संविधानको मर्म कार्यान्वयन हुन्छ। तब मात्र समृद्ध, न्यायपूर्ण र समतामूलक नेपाल निर्माण सम्भव हुन्छ।" उहाँले दिवसले हामी सबैमा समानता, न्याय, समावेशीता र लोकतान्त्रिक चेतनालाई अझ सशक्त बनाओस् भन्ने शुभकामना पनि गर्नुभएको छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# महिलामाथिको विभेद अन्त्य गर्न लागौं

अन्तर्राष्ट्रिय महिला दिवस विश्वका महिलाले विभित्र कार्यक्रम गरि मनाएका छन् । अन्तर्राष्ट्रिय महिला दिवस भन्दा उत्पीडित महिलाको आवाज बुलन्द पार्ने अवसर हो । श्रमिक महिलाहरुले समान कामको समान ज्यालाको माग गर्दै आन्दोलन सुरु भएको हो । समान ज्याला सहित, शिक्षा, स्वास्थ्य र राजनैतिक अधिकारको माग गर्दे ८ मार्च १९०७ मा प्रथम समाजवादी महिलाहरुको अन्तर्राष्ट्रिय सम्मेलन भएको दिनलाई महिलाहरुले विशेष पर्वको रुपमा मनाउँने गर्दछन् । ८ मार्चलाई विश्वभर प्रत्येक वर्ष अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रुपमा मनाउने गरिएको छ ।

सो सम्मेलनको नेतृत्व समाजवादी महिला नेतृ क्लारा जेटकिनले गरेकी थिइन् । सन् १९११ मा अमेरिका १९१७ मा विघठित सोभियत संघ (रुस) र १९२८ मा अष्ट्रेलियामा विश्व महिला सम्मेलनहरु भए जसमा संसारभरका महिलाहरुले हक, अधिकार र लिंगभेद विरुद्ध आवाज उठाएका थिए । विश्वमा भएका महिला सम्मेलनबाट निस्किएको उपलब्धिका रुपमा संयुक्त राष्ट्रसंघले सन् १९७५ मार्च ८ लाई अन्तर्राष्ट्रिय महिला दिवस भनि घोषणा समेत गर्यो । नेपालले पनि त्यसै बर्षदेखि अन्तर्राष्ट्रिय नारी (महिला) वर्षको रुपमा र्याली सभा गोष्ठी जस्ता औपचारिक कार्यक्रमहरु गर्दै आएको छ ।

अधिकार प्राप्तिको आन्दोलनबाट सुरु भएको अन्तराष्ट्रिय श्रमिक महिला दिवस अहिले समानता र आर्थिक, सामाजिक, राजनीतिक तथा सांस्कृतिक विकासका लागि आवाज उठाउने गरिन्छ । वर्गिय, जातिय, क्षेत्रीय, भाषिक, धार्मिक, लौंगिक एवं सबै प्रकारका शोषण, उत्पीडन र विभेदको अन्त्य गर्न आवाज उठाउने दिन हो । आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागीता्को सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्न संकल्प गर्ने दिन पनि हो । महिला दिवसमा हुने कार्यक्रमहरु महिलाका मात्र हुन् भन्ने सोचबाट पुरुषहरु मुक्त हुनुपर्ने दिन पनि हो । महिला विरुद्ध हुने सबै प्रकारका हिंसा विरुद्वको अभिसन्धीमा नेपाल लगायत १८९ सन्धिका पक्ष राष्ट्र भएका छन् । नेपालले अनुमोदन गरेको २८ वर्ष भन्दा बढी भइसक्यो तर महिलामाथि हुने हिंसा भने कम भएको छैन । महिला हिंसा अन्त्य गर्न भएका कानुनको प्रभावकारी कार्यान्वयन नहुँदा अहिलेपनि न्यायको लागि आवाज उठाउन बाध्य हुनु परेको छ ।

संविधानले महिलाको अधिकारलाई सुनिश्चित गरेको छ । संविधानको धारा ३८ मा महिलाको हकको व्यवस्था गरेको छ । प्रत्येक महिलालाई भेदभाव विना वंशीय हक हुने छ भन्ने महिला अधिकारका लागि लड्दै आएका दलहरुको कारणले सम्भव भएको हो । दलहरुले मौका पाउँदा महिलालाई प्राथमिकतामा नराखेका धेरै उदहरणहरु छन् । 'सुरक्षित प्रजनन सम्बन्धी हक, शारिरीक, मानिसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसा जन्य कार्य वा शोषण गरिने छैन ।' महिलाका लागि समानताको बाटोमा हिड्न प्ररेति गर्ने काम संविधानले गरेको छ । 'शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षामा सकारातमक विभेदका आधारमा विशेष अवसर प्रदान गर्ने हक र सम्पति तथा पारिवारिक मामिलामा दम्पतिको समान हक' भन्ने व्यवस्थाले महिलाको पक्षमा संविधानले दिएको अधिकार अब कानुनी रुपमा र व्यवाहारिक रुपमा ल्याउनु पर्दछ ।

राष्ट्रियसभमा महिला प्रतिनिधित्व एक तिहाइ छाहालै सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षमा महिलाले १४ जना निर्वाचित भएका छन।जेनजी आन्दोलनले गर्दा युवा महिलालाई उठाउन बाध्य भएका छन ।प्रतिनिधीसभा निर्वाचनमा नयाँ दललाई मौका दिंदा पुराना दलका राम्रा र योग्य महिला चुनिन सकेनन। समानुपातिकबाट अवश्य पुग्नेछन् । प्रदेशसभामा पनि एक तिहाई महिलाको प्रतिनिधित्व छ । स्थानीय तहमा ४० प्रतिशत महिलाको सहभागिता छ । आधारभूत तहदेखि संघीय संसदमा महिलाको एक तिहाई प्रतिनिधित्व हुनु अन्य देशका लागि पनि उदाहरण हो । जेनजी आन्दोलनकै कारण महिलाले पहिलोपटक प्रधानमन्त्री हुने मौका पाउनु राम्रै हो। दलहरुले कार्यकारी पदमा महिलालाई पुरयाउन अनिच्छा देखाउने, पार्टीका सवै तहमा महिलाको प्रतिनिधित्व हुन नसक्नुले भनाई र गराईमा तालमेल मिल्न सकेको छैन् । संविधानले महिला अधिकार र विभेद अन्त्यको व्यवस्था गरे पनि व्यवहारमा महिला विरुद्ध हुने विभिन्न खाले हिंसाका घटनामा कमी आउन सकेको छैन । महिला बिरुद्धका हिंसाका घटनामा राज्यले संवेदनशील बन्न नसकेका घटना सार्वजनिक भएका छन् । संविधानमा भएका व्यवस्था कार्यान्वयनको लागी सबै क्षेत्रबाट सशक्त आवाज उठाउनु आवश्यक छ । सुखी नेपाली र समृद्ध नेपालको संकल्प पुरा गर्न महिला माथिको विभेद अन्त्य हुनुपर्छ । अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाएको सान्दर्भिकता हुनेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बड्ने | तुला | : कार्यमा सफलता |
| वृष | : शुभ यात्रा | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : आर्थिक समस्या | मकर | : शारीरिक झमेला |
| सिंह | : शत्रुको भय | कुम्भ | : मानसिक तनाब |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# तनहुँमा छ हजार मत बदर

**पोखरापत्र संवाददाता**
दमौली, २४ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत तनहुँमा छ हजारभन्दा बढी मत बदर भएको छ। तनहुँका दुवै निर्वाचन क्षेत्रमा गरी छ हजार २५२ मत बदर भएको हो ।

जिल्ला निर्वाचन कार्यालय तनहुँले सबै वडामा स्वयंसेवक परिचालन गरी मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरे पनि मत बदर हुने क्रम नरोकिएको जनाएको छ । तनहुँ क्षेत्र नम्बर १ मा दुई हजार ७३० र क्षेत्र नम्बर २ मा तीन हजार ५२२ मत बदर भएको जिल्ला निर्वाचन अधिकारी विकास लम्सालले जानकारी दिनुभयो ।

क्षेत्र नम्बर १ अन्तर्गत एक लाख २६ हजार ८८२ मतदाता रहेकामा ६८ हजार १४९ मत खसेको थियो । त्यसमध्ये ६५ हजार ४१९ मत सदर भएको छ।

क्षेत्र नम्बर २ अन्तर्गत ६६ हजार १०० मत खसेकामा ६२ हजार ५७९ मत सदर भएको छ।

मतपत्रमा एकभन्दा बढी चिह्न लगाउने, गलत स्थानमा छाप लगाउने तथा खाली मतपत्र हाल्ने जस्ता कारणले मत बदर भएको लम्सालको भनाइ छ ।

# गोरखा-२ मा रास्वपाका बुर्लाकोटी विजयी

**पोखरापत्र संवाददाता**
गोरखा, २४ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचनअर्न्तगत गोरखा-२ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार कबिन्द्र बुर्लाकोटी विजयी हुनुभएको छ।

भर्खरै सम्पन्न मतगणनाअनुसार बुर्लाकोटीले २६ हजार ६६० मत प्राप्त गर्दै विजयी हुनुभएको निर्वाचन अधिकृत मोहनप्रसाद बेल्वासेले जानकारी दिनुभयो । उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका प्रकाशचन्द्र दुवाडीले ११ हजार ७०० मत प्राप्त गर्नुभयो ।

नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार लेखनाथ न्यौपानेले ११ हजार ७३ मत प्राप्त गर्नुभएको निर्वाचन अधिकृत बेल्वासेले बताउनुभयो । नेकपा (एमाले) का उम्मेदवार मिलन गुरुङले तीन हजार ८७ मत प्राप्त गर्नुभयो । कूल एक लाख ८ हजार ५३३ मतदाता रहेको सो निर्वाचन क्षेत्रमा ५७ हजार १५६ मत खसेको थियो । खसेकोमध्ये ५४ हजार १४७ मत सदर र तीन हजार नौ मत बदर भएको निर्वाचन कार्यालयले जनाएको छ ।

# हालसम्म १५५ स्थानको मतगणना सार्वजनिक

**रासस**
काठमाडौं, २४ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचनको जारी मतगणनामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) हालसम्म ११९ क्षेत्रमा विजयी भएको छ । आइतबार साँझ ५ बजेसम्मको परिणामअनुसार रास्वपाका उम्मेदवारले छ निर्वाचन क्षेत्रमा अग्रता हासिल गरिरहनुभएका छन् ।

निर्वाचन आयोगका अनुसार हालसम्म १५५ स्थानको मतगणना सार्वजनिक भएकामा नेपाली कांग्रेसले १७ क्षेत्रमा जित हासिल गरेको छ । त्यस्तै, नेकपा (एमाले) सात स्थानमा विजयी भएको छ भने तीन स्थानमा अगाडि रहेको छ ।

आयोगका अनुसार नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का तर्फबाट हालसम्म सात उम्मेदवार विजयी हुनुभएको छ । यस्तै, श्रम संस्कृति पार्टीका तीन जना उम्मेदवार विजयी हुनुभएको छ । राष्ट्रिय प्रजातन्त्र पार्टी र स्वतन्त्र उम्मेदवार एक-एक स्थानमा विजयी हुनुभएको छ ।

प्रतिनिधिसभा सदस्यको फागुन २१ गते सम्पन्न समानुपातिक निर्वाचनतर्फ हालसम्म ४५ लाख ३० हजार ९१३ मतगणना सम्पन्न भएको छ । त्यसमध्ये रास्वपाले २२ लाख ३९ हजार ८७०, कांग्रेसले सात लाख ६० हजार ४८५, एमालेले छ लाख ४६ हजार ७७० र नेकपाले तीन लाख चार हजार ६२, राप्रपाले एक लाख ६३ हजार १५१ र श्रम संस्कृति पार्टीले एक लाख सात हजार ३२ मत प्राप्त गरेको छ ।

# काठमाडौँमा प्रदूषण बढ्यो

**रासस**
काठमाडौं, २४ फागुन

काठमाडौँ उपत्यकाको वायु प्रदूषण बढ्न थालेको छ । पछिल्ला केही दिनयता मौसम धुम्मिदै जाँदा वायु प्रदूषण पनि बढ्न थालको हो ।

वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले लामो समयसम्म वर्षा नहुनु, हावा नचल्नुलगायत कारणले मौसम धुम्मिएको बताउँदै यसले प्रदूषण बढाउन मद्दत गरेको उल्लेख गर्नुभयो । "लामो समयदेखि वर्षा हुन सकेको छैन, हावा पनि चलेको छैन । त्यसैले केही दिनयता मौसम धुम्मिएको छ", उहाँले भन्नुभयो, "गत वर्षको तुलनामा यस वर्ष प्रदूषण केही कम छ । वन डढेलो नलागेसम्म प्रदूषण अत्यधिक रूपमा भने बढ्ने छैन ।" एयर क्वालिटी इन्डेक्स (एक्यूआई) अनुसार आइतबार मध्याह्नसम्म काठमाडौँ उपत्यकाको वायु गुणस्तर सूचकाङ्क १८६ पुगेको छ । यससँगै काठमाडौँ विश्वको चौथो प्रदूषित सहरका रूपमा सूचीकृत भएको वातावरणविद् भूषण तुलाधारले जानकारी दिनुभयो । प्रदूषण नियन्त्रणका लागि समयमा पूर्वतयारी आवश्यक पर्ने बताउँदै उहाँले घरबाट निस्कने फोहरको उचित व्यवस्थापन, डढेलो नियन्त्रण, सवार िसाधनको धुँवा परीक्षण, मापदण्डको कडाइका साथ कार्यान्वयन गर्न सके प्रदूषण नियन्त्रणमा मद्दत पुग्ने धारणा राख्नुभयो । एक्यूआईको मापदण्डअनुसार शून्यदेखि ५० सम्म 'राम्रो' मानिन्छ भने ५१ देखि १०० सम्म 'सचेत रहनुपर्ने' श्रेणीमा पर्दछ । त्यस्तै, १०१ देखि १५० 'अस्वस्थ' मानिन्छ, जसले विशेषगरी श्वासप्रश्वास तथा मुटु रोगीलाई असर गर्ने भएकाले सचेतना अपनाउन विभागका महानिर्देशक सुवेदीले आग्रह गर्नुभयो । उहाँका अनुसार १५१ देखि २०० 'सबैका लागि अस्वस्थ', २०१ देखि ३०० 'धेरै अस्वस्थ' र ३०० भन्दा माथि ' अत्यन्त खतरनाक' मानिन्छ ।

# आफ्नो बाटो खोज्दै आदर्शका विद्यार्थी

**पोखरापत्र संवाददाता**
पोखरा, २४ फागुन



जीवनको एउटा यस्तो मोड हुन्छ, जहाँबाट युवाहरूले आफ्नो भविष्यतर्फको यात्रा तय गर्न थाल्छन् । कक्षा १२ को अध्ययन सकेर नयाँ संसारमा पाइला टेक्न लागेका विद्यार्थीहरूका लागि त्यो मोड अझ संवेदनशील र महत्वपूर्ण हुन्छ । यही क्षणलाई अर्थपूर्ण बनाउन पोखरा आदर्श सेकेण्डरी स्कुल, बगरले मंगलबार एक प्रेरणादायी करियर मार्गदर्शन कार्यक्रम आयोजना गऱ्यो । विद्यालय परिसरमा आयोजित कार्यक्रममा कक्षा १२ मा अध्ययनरत ६५ जना विद्यार्थीको उत्साहपूर्ण सहभागिता थियो । उनीहरू केवल कार्यक्रमका दर्शक मात्र थिएनन् । बरु आफ्नो भविष्यबारे सोच्ने र नयाँ सम्भावना खोज्ने यात्राका सक्रिय सहभागी बनेका थिए ।

कार्यक्रमकी स्रोतव्यक्ति पूर्णशोभा महर्जनले विद्यार्थीहरूलाई आफ्नो रुचि, क्षमता र खुबी पहिचान गरेर त्यसैअनुसार करियर छनोट गर्न प्रेरित गरिन् । सात दिने क्षमता अभिवृद्धि तालिमको सार प्रस्तुत गर्दै उनले आत्मपरिचयदेखि लिएर बदलिँदो रोजगारी बजार, उपलब्ध करियर विकल्प र त्यसका लागि आवश्यक तयारीबारे स्पष्ट मार्गदर्शन दिइन् । उनको प्रस्तुति केवल जानकारीमा सीमित थिएन, त्यो प्रेरणाको स्रोत पनि बन्यो । उनले भनिन्, "आजको प्रतिस्पर्धात्मक संसारमा करियर निर्माण केवल राम्रो अंक ल्याउनुमा मात्र निर्भर हुँदैन । व्यवहारिक सीप, तालिम र निरन्तर आत्मविकास नै सफलताको आधार हो।" उनले विद्यार्थीहरूलाई समयमै आफ्नो लक्ष्य निर्धारण गरी आवश्यक सीप र अभ्यासमार्फत आफूलाई सक्षम बनाउन आग्रह गरिन् । कार्यक्रममा सहभागी विद्यार्थीहरूले पनि यसलाई निकै उपयोगी अनुभवका रूपमा लिएका सहभागी अमन लोहनीले भने । "आजको सेसनले मलाई आफ्नो रुचिअनुसारको करियर खोज्न सचेत बनायो । करियर निर्माणमा तालिम र सीपको कति ठूलो भूमिका हुँदो रहेछ भन्ने कुरा बुझ्न पाएँ।" त्यस्तै अस्मिता राईले कार्यक्रमले आफ्नो क्षमता पहिचान गर्न र भविष्यको लक्ष्य स्पष्ट बनाउन मद्दत पुगेको बताइन् । उनका अनुसार यस्ता कार्यक्रमले विद्यार्थीलाई केवल पढाइमा सीमित नराखी भविष्यबारे सोच्ने दृष्टि पनि दिन्छ । विद्यालय निर्देशक नारायण न्यौपानेले आजको समय केवल प्रमाणपत्रले मात्र भविष्य सुरक्षित नहुने बताउँदै आत्मनिर्भर र सक्षम जनशक्ति उत्पादन गर्न विद्यालयले यस्ता कार्यक्रमलाई निरन्तरता दिँदै आएको जानकारी दिए । उनले यसअघि पनि विद्यार्थीहरूका लागि सहकारी तथा बैंकको भूमिका, कफी बनाउने तालिम, सामाजिक सञ्जालको सही प्रयोग, फोटोग्राफी, कन्टेन्ट क्रियसन र सेमिनार प्रस्तुति जस्ता विषयमा व्यवहारिक कार्यक्रमहरू सञ्चालन गरिएको बताए ।

विहानी सत्र संयोजक कुशल तिमिल्सिनाका अनुसार अहिलेका विद्यार्थीहरू केवल बोर्ड परीक्षाको तयारीमा सीमित नरही आफ्नो क्षमता विकास र श्रम बजारमा सम्भावना भएका क्षेत्रमा पनि चासो देखाउन थालेका छन् । यसले नयाँ पुस्ताको सोच र दृष्टिकोण बदलिँदै गएको संकेत गर्दछ। उप-प्राचार्य ज्ञानेश्वर सुबेदीले पनि विद्यार्थीहरूको चाहना र सरोकारवालासँगको सहकार्यलाई ध्यानमा राख्दै आगामी दिनमा अझ धेरै व्यवहारिक र सीपमूलक कार्यक्रम सञ्चालन गरिने बताए।सुवेदीका अनुसार बदलिँदो शैक्षिक तथा व्यावसायिक परिवेशमा विद्यार्थीलाई समयमै करियरबारे सचेत गराउनु आजको आवश्यकता हो ।

# मुलुकलाई सही दिशामा हिँडाउने जिम्मेवारी काँधमा आएको छ: सांसद वाग्ले

**पोखरापत्र संवाददाता**
तनहुँ, २४ फागुन



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उपसभापति एवं नवनिर्वाचित सांसद डा स्वर्णिम वाग्लेले मुलुकलाई सही दिशामा हिँडाउने जिम्मेवारी काँधमा आएको बताउनुभएको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचन तनहुँ क्षेत्र नं १ मा निर्वाचित भएर शनिबार प्रमाणपत्र ग्रहणपछि आयोजित कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले मुलुकलाई सही बाटोमा हिँडाउने जिम्मेवारी जनताले पार्टीलाई दिएको उल्लेख गर्नुभयो । अहिलेको निर्वाचनको परिणाम सौम्य शान्तिपूर्ण क्रान्ति भएको बताउँदै सांसद वाग्लेले भन्नुभयो, "एकथोपो रगत नबगाइकन जनता जनार्दन हुन्छन् भनेर चर्चा गरेको प्रणाली गोप्य मतदानमार्फत जनताले सुन सन्देश प्रवाह गर्नुभएको छ यसको चीरकायी महत्व रहेको छ। यसको ऐतिहासिक गाम्भीर्यतालाई बुझेर मुलुकलाई सही बाटोमा अगाडि बढाउनुपर्नेछ ।" सांसद वाग्लेले ठूलो जिम्मेवारी काँधमा आएको बताउँदै तनहुँका जनताले गर्व गर्न लायक सांसद बन्ने बताउनुभयो । आम जनताले गर्नुभएको आशा थिति बसाइदिनुहोस्, सुशासन कायम होस् भन्ने अपेक्षा पूरा गर्न आफूहरु प्रतिबद्ध रहेको उहाँको भनाइ थियो ।

जेनजी आन्दोलनको जगमा भएको परिवर्तनको सम्बोधन गरिने बताउँदै उहाँले युवाहरूले आशा गर्न लायकको मुलुक बनाउने लक्ष्य रहेको बताउँदै त्यसलाई न्याय हुनेगरी बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । सो अवसरमा मुख्य निर्वाचन अधिकृत विष्णुप्रसाद उपाध्यायले नवनिर्वाचित प्रतिनिधिसभा सदस्य डा वाग्लेलाई प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

# निर्वाचन सुशासन कायम गराउन सफल: गृहमन्त्री अर्याल

**रासस**
काठमाडौं, २४ फागुन

गृहमन्त्री ओमप्रकाश अर्यालले प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा निर्वाचन सुशासन कायम भएको बताउनुभएको छ ।

निर्वाचन आयोगको कार्यालय बहादुर भवनमा आइतबार आयोजित निर्वाचन सुरक्षा समीक्षापछि सरकारी सञ्चारमाध्यमसँग प्रतिक्रिया दिनुहुँदै उहाँले राजनीतिक सुशासनको जग निर्वाचन सुशासन भएकाले यसपटकको निर्वाचनमा त्यो सम्भव भएको बताउनुभयो । वर्तमान सरकार फागुन २१ गते निर्वाचन गराउनैका लागि गठन भएकाले स्वच्छ र निष्पक्ष निर्वाचन गराएर कार्यभार सम्पन्न गराउने मार्गमा अघि बढेको जानकारी पनि गृहमन्त्री अर्यालले दिनुभयो । "हिंसा नभई निर्वाचन सम्पन्न भएको छ, सुदृढ सुरक्षा व्यवस्थाबीच निर्वाचन गराउने दायित्व सरकारले पूरा गरेको छ, यो निर्वाचनमा अरुका नाममा मतदान पनि भएन, समयमा निर्वाचन गराउन सरकारका सबै अङ्ग समन्वयात्मक रुपमा क्रियाशील भए, गृह मन्त्रालयमा सामूहिक नेतृत्वको अभ्यास गरी निर्वाचन समन्वयात्मक रुपमा सफल भयो, केन्द्र, प्रदेश र वडा तहसम्म समन्वयात्मक एकीकृत सुरक्षा योजना अन्तर्गत काम भयो, नेतृत्वमा विकेन्द्रीकरण गरेर निर्वाचन सम्पन्न भयो", उहाँले भन्नुभयो । निर्वाचन कार्यतालिका अनुसार निर्वाचन सम्पन्न गराउन आयोगले नेतृत्वदायी भूमिका खेलेकामा गृहमन्त्री अर्यालले सो अवसरमा धन्यवाद दिनुभयो ।

# रतन पाण्डे माविमा भविष्य उज्यालो बनाउने हातेमालो

पोखरापत्र संवाददाता
पोखरा, २४ फागुन

कहिलेकाहीँ सानो सहयोगले पनि ठूलो आशा जन्माउँछ। जहाँ सानो प्रयासले बालबालिकाको सपनामा थप उज्यालो थप्दछ । पोखरा महानगरपालिका-१३ आर्बा स्थित रत्न पाण्डे माध्यमिक विद्यालयमा बरालले गरेको सहयोगले उज्यालो थपेको हो ।



हाल अमेरिकामा रहेका पशुपति बरालले आफ्ना दिवंगत बुबा रामनाथ बराल र आमा जमुना देवी बरालको स्मृतिमा विद्यालयलाई शैक्षिक सामग्री तथा खेलकुद सामग्री प्रदान गरेपछि सो वातावरण सिर्जना भएको हो । विदेशमा बस्दै आए पनि आफ्नो जन्मभूमिको शिक्षा र बालबालिकाको भविष्यप्रति देखाएको उनको संवेदनशीलताले स्थानीय समुदायमा सकारात्मक सन्देश दिएको छ। 'भविष्यका लागि सानो कदमः हातेमालो' अभियान अन्तर्गत अन्तर्राष्ट्रिय महिला दिवसको अवसरपारेर विद्यालयलाई १५ हजार रुपैयाँ बराबरको शैक्षिक तथा खेलकुद सामग्री हस्तान्तरण गरिएको हो । सहयोग केवल सामग्री हस्तान्तरण मात्र होइन, आफ्नो गाउँ र विद्यालयप्रतिको माया र जिम्मेवारीको एउटा सुन्दर अभिव्यक्ति पनि हो । सो कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विष्णुप्रसाद बरालको अध्यक्षतामा आयोजित कार्यक्रममा सामग्री हस्तान्तरण गरिएको थियो । कार्यक्रममा बोल्दै अध्यक्ष बराललले विदेशमा बसेर पनि आफ्नो गाउँको शिक्षा क्षेत्रलाई सम्भेर सहयोग गर्ने पशुपति बरालको कार्य अत्यन्त प्रशंसनीय रहेको बताए । बराललले भने, "विदेशमा रहेर पनि आफ्नो माटो र विद्यालयलाई सम्भेर गरिएको यस्तो सहयोगले सामुदायिक विद्यालयलाई ठूलो ऊर्जा दिन्छ । यस्ता प्रयासले शैक्षिक गुणस्तर सुधारमा सकारात्मक प्रभाव पार्छ ।" 'भविष्यका लागि उज्यालो' नामक हातेमालो कार्यक्रमका संयोजक तथा वडा शिक्षा समितिका शैक्षिक समन्वय संयोजक राजेन्द्र भण्डारीले वडाको शैक्षिक विकासका लागि यस्ता सहकार्यलाई अझ विस्तार गर्ने योजना रहेको बताए । भण्डारीका अनुसार विद्यालयको शैक्षिक र भौतिक सुधारका लागि नयाँ शैलीका शिक्षण-सिकाइ कार्यक्रम आवश्यक रहेको छ। कार्यक्रममा विद्यालयकी प्रधानाध्यापक संगीता पोखरेलले स्वागत मन्तव्य व्यक्त गर्दै यस्ता सहयोगले सामुदायिक विद्यालयमा देखिने सामग्री अभावलाई केही हदसम्म कम गर्न मद्दत पुग्ने बताइन् । पोखरेलले समुदाय, अभिभावक र प्रवासी नेपालीबीचको सहकार्यले विद्यालयलाई अझ सशक्त बनाउने विश्वास व्यक्त गरिन् । कार्यक्रममा वडा नम्बर १३ का जनप्रतिनिधि तथा विद्यालय व्यवस्थापन समितिका सदस्य बलबहादुर बराल, शिक्षक-अभिभावक संघका प्रतिनिधि, सहायक प्रधानाध्यापक, शिक्षक तथा विद्यार्थीहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।



मनाङमा पर्यटकको चहलपहलः मनाङमा चुनावी चहलपहल सकिन नपाउँदै विदेशी पर्यटकको आउन सुरु । तस्बिरमा अन्नपूर्ण पदमार्ग अन्तर्गत नासो गाउँपालिकादेखि चामेतर्फ जाँदै गरेका विदेशी पर्यटक यस पदमार्गमा दैनिक ५० देखि ६० जना विदेशी पर्यटक मनाङ भित्रने गरेका छन् । तस्बिरः नवीन लामिछाने/रासस

# लायन्स क्लब अफ पोखरा हेमजाको अध्यक्षमा श्रेष्ठ

पोखरापत्र संवाददाता
पोखरा, २४ फागुन

लायन्स क्लब अफ पोखरा हेमजाको लायन वर्ष २०२६ / २७ का लागि नयाँ कार्यसमिति चयन गरिएको छ ।

पोखरा-२५ हेमजा स्थित ट्रि हाउस मा लायन वर्ष २०२५/२६ का अध्यक्ष लायन दुर्गाप्रसाद पौडेलको अध्यक्षतामा शनिबार सम्पन्न निर्वाचनबाट सर्वसम्मत रूपमा नयाँ नेतृत्व चयन गरिएको हो ।



निर्वाचनबाट क्लबको वर्ष २०२६/२७ का लागि अध्यक्षमा लायन सुरेश कुमार श्रेष्ठ निर्वाचित भएका छन् ।

नयाँ कार्यसमिति अनुसार प्रथम उपाध्यक्षमा लायन कृष्णमान श्रेष्ठ, द्वितीय उपाध्यक्षमा लायन गोविन्द दाहाल र तृतीय उपाध्यक्षमा लायन मदन पौडेल चयन भएका छन् । त्यस्तै सचिवमा लायन सूर्यराज पौडेल कोषाध्यक्षमा लायन बलराम पौडेल सहसचिवमा लियो लायन विष्णुप्रसाद दाहाल र सह-कोषाध्यक्षमा लियो लायन विकास त्रिपाठी चयन भएका छन् । यसै गरी एडमिनिस्ट्रेटिभ चिफमा लायन प्रकाश पौडेल स्वास्थ्य निर्देशकमा लायन सुबिन श्रेष्ठ एल.सी.आई.एफ. संयोजकमा लायन हरिश्चन्द्र पौडेल, चेयरपर्सन गभरनर लायन राजेन्द्र बहादुर सापकोटा तथा न्यु क्लब एक्सटेन्सनमा लायन मोती तिम्सिना चयन भएका छन् ।

त्यसैगरी मेम्बर सिप ग्रोथमा लायन नवराज त्रिपाठी, सर्भिस ग्रथमा लायन सुजित श्रेष्ठ, फेलोसिपमाविनोद कुमार श्रेष्ठ तथा मार्केटिङ एण्ड कम्युनिकेशनमा लायन धर्मराज भण्डारी चयन भएका छन् । यसै गरी निर्देशकमा लायन सन्तमान श्रेष्ठ, मिडिया कोर्डिनेटरमा लियो लायन निराजन अधिकरी तथा सदस्यहरूमा लियो लायन मनोज त्रिपाठी, लियो लायन कपिल दाहाल, इ.रामजी प्रसाद त्रिपाठी, लियो लायन नवीन त्रिपाठी, लियो लायन दिवस बराल चयन भएका छन् । नवनिर्वाचित अध्यक्ष श्रेष्ठले क्लबमार्फत हेमजा क्षेत्रमा सामाजिक सेवा, स्वास्थ्य, शिक्षा तथा सामुदायिक विकासका कार्यक्रमलाई अझ प्रभावकारी रूपमा अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

लायन वर्ष २०२५ /२६ का अध्यक्ष लायन दुर्गाप्रसाद पौडेलले क्लबको नयाँ नेतृत्वमा निर्वाचित सम्पूर्ण टिमलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दै हामीले सुरु गरेका सामाजिक सेवा र समुदाय केन्द्रित अभियानलाई अझ सशक्त बनाउँदै अगाडि बढाउनुहुनेछ भन्ने पूर्ण विश्वास लिएको बताए । सबैको सहकार्य र एकताले हाम्रो क्लबलाई अझ उचाइमा पुऱ्याउनेमा आफू पुर्ण रुपमा विश्वस्त रहेको थप उल्लेख गरे ।

# महावीरको सानदार जितः 'विजयपछि उत्सव होइन, जिम्मेवारीको सन्देश'

पोखरापत्र संवाददाता
बेनी, २४ फागुन

म्याग्दीमा विगतका वर्षहरूमा निर्वाचनपछि विजेताले खुसी साँट्ने तडकभडकपूर्ण ' विजयी उत्सव'ले बजार क्षेत्र कोलाहलपूर्ण बन्ने गरेको थियो ।



निर्वाचित उम्मेदवार र दलका नेता, कार्यकर्ताले चर्को ध्वनि प्रदूषणसहित एकअर्का पार्टी र प्रतिस्पर्धी लक्षित नाराबाजी गर्ने पुरानै प्रचलन थियो । तर शनिबार बिहान प्रतिनिधिसभा सदस्य निर्वाचनमा भारी मतान्तरले विजयी हुनुभएका स्वतन्त्र उम्मेदवार महावीर पुनको जितमा भने फरक अभ्यास देखियो ।

पुनले आफ्नो विजय सुनिश्चित भएसँगै मतदाता र शुभेच्छुकलाई कुनै पनि तडकभडक हुने खालको विजयी ऱ्याली र उत्सव नगर्न आग्रह गर्दै सन्देश जारी गर्नुभएको थियो । मुख्य निर्वाचन अधिकृतको कार्यालयमा प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएको प्रमाणपत्र ग्रहण गरेपछि उहाँलाई बधाई दिन मतदाता र शुभेच्छुकहरू सडकमा भेला भएका थिए । मतदातालाई सम्बोधन गर्दै पुनले निर्वाचनमा जित-हार हुनु सामान्य प्रक्रिया भएको बताउँदै आफूले जितलाई उत्सव नभई जनताप्रतिको जिम्मेवारीका रूपमा लिएको बताउनुभयो । "मुख्यगरी शिक्षा नीति सुधार गर्न म उम्मेदवार भएको थिएँ । जनताले भोट दिएपछि म निर्वाचित भएँ । अब कुनै खुसी मनाउने कुरा होइन, जिम्मेवारीको भारी बोकेर काम गर्ने कुरा हुन्छ । मतदानमा सहभागी सम्पूर्ण मतदाताप्रति म आभारी छु", पुनले भन्नुभयो ।

निर्वाचनमा कतिपय उम्मेदवारले विजयपछि ऱ्याली गर्ने गरेको उल्लेख गर्दै उहाँले जितमा मात्तिने र हारमा आत्तिने काम दुवै गलत भएको बताउनुभयो । "चुनावमा विजयी भएपछि धेरै मतदाताले बेनी बजारमा विजयी उत्सव मनाउनुपर्ने भन्दै आग्रह गरिरहेका छन् । कतिपय साथीभाइले यति ठूलो खुसीमा किन उत्सव नगर्ने भन्नुभएको छ । तर मैले सार्वजनिक रूपमा विजयी उत्सव ऱ्याली नगर्ने घोषणा गरिसकेको छु", पुनले भन्नुभयो । निर्वाचनबाट एक जनामात्र विजेता हुने र अन्य उम्मेदवार पराजित हुने भएकाले विजेताले सबै उम्मेदवारको भावनाको सम्मान गर्नुपर्ने उहाँले धारणा राख्नुभयो । विजयी उत्सवका तडकभडकले कसैलाई जित-हारको पीडा महसुस गराउनु उचित नहुने भन्दै सांसद पुनले सबै उम्मेदवारको सम्मानका लागि आफूले विजयी उत्सव नगर्ने बताउनुभयो ।

हरेक विजयी उत्सवमा धेरै नागरिकको समय र पैसा खर्च हुने गरेको उल्लेख गर्दै सांसद पुनले समय अमूल्य भएकाले त्यसलाई सही ठाउँमा उपयोग गर्न आग्रह गर्नुभयो । साथै, उहाँले जिल्लाको विकासका लागि उम्मेदवार, राजनीतिक दल र सरोकारवालासँग मिलेर अघि बढ्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो । निवर्तमान शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीसमेत रहनुभएका पुन निकटतम प्रतिस्पर्धीभन्दा तेब्बर बढी मतान्तरले विजयी हुनुभएको हो । उहाँले २२ हजार ८५० मत प्राप्त गर्दा नेकपा (एमाले) का हरिकृष्ण श्रेष्ठले सात हजार ९१९ मत पाउनुभयो । त्यसैगरी नेपाली काँग्रेसका कर्णबहादुर भण्डारीले ६ हजार ६७६, नेकपाका अर्जुन थापाले तीन हजार ५२९ र रास्वपाका युवराज रोकाले एक हजार ५३० मत प्राप्त गर्नुभयो ।

नवनिर्वाचित प्रतिनिधिसभा सदस्य पुनलाई मुख्य निर्वाचन अधिकृत सूर्यबहादुर थापाले औपचारिक रूपमा विजयी भएको प्रमाणपत्र प्रदान गर्नुभयो । एकमात्र निर्वाचन क्षेत्र रहेको म्याग्दीमा स्वतन्त्रसहित १२ उम्मेदवार चुनावी प्रतिस्पर्धामा हुनुहुन्थ्यो । जिल्लामा ८६ हजार ३९७ मतदाता रहेकामा ४६ हजार २१५ मत खसेको थियो ।

# सामाजिक अभियान्ता हुँदै संसद्सम्मको शर्माको यात्रा

पोखरापत्र संवाददाता
बागलुङ, २४ फागुन

आमयुवा र हाम्रो बागलुङ, हाम्रो जिम्मेवारीका संस्थापक सोम शर्मा युवाको आवाजलाई सडकबाट संसद्को यात्रा थाल्नुभएको छ ।



हालै रास्वपामा आबद्ध शर्माले पश्चिम बागलुङको क्षेत्र नं २ को निर्वाचन जित्न सफल हुनुभएको छ । ३४ वर्षीय शर्मा सामाजिक अभियान्ता, जेनजी आन्दोलनका अगुवा हुँदै प्रतिनिधिसभा सदस्य हुन सफल हुनुभएको छ । शर्माले बागलुङ-२ मा १२ हजार ६४७ मत ल्याएर निर्वाचित हुनुभएको छ । उहाँले कांग्रेसका टेकराज पौडेललाई ७७९ मतले पछाडि पार्दै निर्वाचन जित्नुभएको हो । यहाँ खसेको ४७ हजार २०७ मतमा शर्माका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका उम्मेदवार पौडेलले ११ हजार ६८ मत प्राप्त गर्नुभएको थियो । त्यसैगरी नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का ज्ञानमाथ गैरेले १० हजार ७०९ मत प्राप्त गर्दा नेकपा (एमाले) का मञ्जु शर्मा चालिसेले सात हजार ८६४ मत प्राप्त गर्नुभएको थियो । यस क्षेत्रमा ११ उम्मेदवार चुनावी मैदानमा थिए । बागलुङ बजारमा इलेक्टोनिक्स पसल सञ्चालन गर्नुभएका शर्मा कोरोनाअघि काठमाडौं पुग्नुभएको थियो ।

जेनजी आन्दोलन र नागरिक खबरदारीको अगुवाका रूपमा चिनाउने शर्मा कोरोनाकालमा सडकमा खाना बाड्दै काठमाडौंमा हिँड्नुभएको थियो । कोरोना, विपद्, गरिबी तथा समाजका विभिन्न क्षेत्रका सेवाको सारथीका रूपमा चिनिनुभएका उहाँ राजनीतिमा नयाँ अनुहारका रूपमा संसद् छिर्नुभएको छ। विसं २०४८ पुस २९ मा बागलुङ नगरपालिका-१२ मा शर्मा जन्मनुभएको हो ।

एक प्रतिबद्ध, नैतिक र सुधारमुखी व्यक्तित्व भएका युवा नेताका रूपमा चिनिन थाल्नुभएका शर्मालाई पहिलोपटक नै जनताले अनुमोदन गरेका छन् । विद्रोही युवाका रूपमा रहनुभएका शर्माले सामाजिक सञ्जालबाट सुशासनको पक्षमा बोल्दै आउनुभएको थियो ।

रास्वपाको राजनीति, समाजसेवा र व्यावसायिक नेतृत्वमार्फत आफ्नो क्षेत्र र समुदायको विकासमा योगदान पुऱ्याउन निर्वाचनमा होमिएका शर्माले बागलुङको पश्चिम क्षेत्र विकट नभएर विकट बनाइएको बताउनुहुन्छ । "बागलुङको पश्चिम क्षेत्रलाई विकट मानियो, तर विकट बनाइएको हो, अब विकट रहँदैन, पर्यटनमार्फत यहाँको विकास हुन्छ, निर्वाचित सांसद गाउँ नआएको गुनासो अब रहन्न, म नियमित गाउँ र सदनलाई जोड्नेछु ।" त्रिभुवन विश्वविद्यालय, रत्नराज्य क्याम्पसबाट राजनीतिशास्त्र र आम सञ्चार विषयमा स्नातक तह अध्ययन गर्नुभएका शर्माले कम्प्युटर, नेटवर्किङ र कृषि उद्यमशीलतासम्बन्धी विभिन्न तालिम लिइसक्नुभएको छ । पेसागत जीवनमा उहाँसँग कम्प्युटर शिक्षक, प्राविधिक विशेषज्ञ र व्यवस्थापन निर्देशकका रूपमा कार्य गरेको अनुभव छ । विकासमा पछि परेको बागलुङ पश्चिम क्षेत्रको भूगोललाई राष्ट्रिय रूपमा चिनाउँदै पर्यटकीय क्षेत्रका रूपमा चिनाउने शर्माको अठोट छ ।

# एएनओ हङकङ सम्मेलनद्वारा मध्यपूर्वका नेपालीको सुरक्षाप्रति ध्यानाकर्षण

रासस
काठमाडौं, २४ फागुन

एसोसिएसन अफ नेपाली ओरिजिन (एएनओ) को शनिबार हङकङमा सम्पन्न सम्मेलनले पछिल्लो समय मध्यपूर्वी मुलुकमा कार्यरत नेपालीहरूको सुरक्षामा ध्यान दिन नेपाल सरकारको ध्यानाकर्षण गराएको छ ।

विश्वमा देखापरिरहेको सुरक्षा चुनौतीका सन्दर्भमा हाल मध्यपूर्वमा बसोवास गरिरहेका नेपालीहरूको सुरक्षाप्रति विशेष चासो दिन र आवश्यक पहल गर्न सरकारले ध्यान पुऱ्याउनुपर्ने प्रस्ताव सो सम्मेलनमा पारित भएको हो । सम्मेलनले विश्वका जुन ठाउँमा जन्मे पनि र जुन देशको नागरिकता बोके पनि नेपाली मूलको पहिचान गरी नेपालीभाषी नागरिकहरूका बीचमा आपसी एकता कायम गर्दै नेपाली जातिको संरक्षण र सम्वर्द्धन गर्दै सो शक्तिलाई नेपालको हितमा प्रयोग गर्नुपर्ने प्रस्ताव पनि पारित गरेको छ।

हङकङ सरकारका डिस्ट्रिक काउन्सिलर प्रथम नेपाली अरुणा गुरुङ र एएनओका अन्तर्राष्ट्रिय कमिटी महासचिव चूडामणि भट्टराईद्वारा शनिबार साँझ उद्घाटन गरिएको सो सम्मेलनमा हङकङमा रहेका नेपाली मूलका तथा नेपालीभाषी ठूलो सङ्‌ख्याका नागरिकको सहभागिता रहेको एएनओले विज्ञप्तिमार्फत जनाएको छ।

त्यस अवसरमा एएनओ अन्तरराष्ट्रिय समितिका महासचिव चूडामणि भट्टराई र केन्द्रीय सदस्य खुसी गुरुङ तथा डिस्ट्रिक काउन्सिलर अरुणा गुरुङले संसारका जुनसुकै देशमा जन्मे हुर्केको भएपनि नेपाली जातिका मानिसहरुलाई एकआपसमा जोड्ने र नेपाली जातिको एकता र संस्कृतिको पुस्तान्तरण गर्ने कार्यमा एएनओको सफलताको कामना गर्नुभयो । नेपाली जातिको आफ्नै पहिचान र अतित्वसहितको जीवन यापनका लागि सामाजिक संस्कृतिक अभियान सञ्चानल गरिरहेका अमेरिका निवासी डिल्ली अधिकारीको नेतृत्वमा सन् २०२४ मा एएनओ स्थापना भएको थियो । उक्त संस्थाले विश्वका नेपाली जातिबीच जतिसुकै पुस्ता बाहिर बस्नु परेपनि आफू बसेकै देश तथा स्थानमा नेपाली भाषा, कला, संस्कृति, रीतिरिवाज र नेपाली पहिचानको निरन्तरता, यसको विस्तार र पुस्तान्तरणको अभियान सञ्चालन गरिरहेको छ । साथै एएनओले विश्वभरका नेपालीको श्रम, पूँजी र ज्ञानलाई नेपालको समृद्धिमा लगाउन आफ्ना जातिका मानिसहरुको पहिचान गर्न तथा नेपाली मूलका नागरिकहरुलाई आफूसँग कुनै न कुनै रुपमा जोड्ने नीति बनाउन पनि नेपाल सरकारसँग माग गर्दै आएको छ । सोही अवसरमा हङकङका स्थानीय युवा व्यवसायी विक्की थापाको अध्यक्षतामा एएनओको हङकङ कमिटी पनि गठन गरिएको छ। यसको उपाध्यक्षमा अजय राई, महासचिवमा सुकु लिम्बू, सचिवमा अनुज रोक्का, कोषाध्यक्षमा सोफिया गुरुङ र प्रवक्तामा सुरेश याक्सो हुनुहुन्छ।

त्यसैगरी सदस्यहरुमा सरला तामाङ, टपराज तामाङ, रिस्ता गुरुङ, मेजिला गुरुङ, भीम गुरुङ, जुनु राना, विन्नी लामा राई र करन तमाङ चयन हुनुभएको छ । उक्त कार्यक्रममा तनहुँ समाज हङकङका वरिष्ठ उपाध्यक्ष रोशन गुरुङ, एनआरएन्ए लिमिटेडकी अध्यक्ष जयन्ती गुरुङ, मेरो भ्वाइस युनिभर्स सिजन- २ का उपविजेता टपराज नेगी तामाङ र सोही प्रतियोगिताकी प्रतिष्पर्धी विन्नी लामा राईले सांगीतिक प्रस्तुतिसहित शुभकामना व्यक्त गर्नुभएको थियो ।